# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ८ मितिः २०८२।०९।२८

## भाग-१

# खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०८२

**प्रस्तावनाः** स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न सहज र दिगो रुपमा स्वच्छता तथा गुणस्तरीय खानेपानी र सरसफाई

सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) लेख दिएको अधिकार प्रयोग गरी सुनिलस्मृति गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन सुनिलस्मृति गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित समिति सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत् सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने व्यक्ति, समिति वा निकाय सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्ने सामुदायिक समिति सम्झनु पर्छ।

(च) "खानेपानी तथा सरसफाई उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सेवा उपयोग गर्ने

उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता समितिको रुपमा रहेको सामुदायिक समितिको विधान बमोजिम साधरण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) “खानेपानी सेवा” भन्नाले खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, टयाङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) “खानेपानको सार्वजनिक उपयोग” भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नि नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरुमा

प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) “खानेपानीको संस्थागत उपयोग” भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्‍याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई सम्झनु पर्दछ ।

(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

(ठ) “ढल निकास” भन्नाले मानव मलमूख सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुहिने तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(ड) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलश्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ण) "फोहोर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात् निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको

फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(त) "समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई सम्झनु पर्दछ ।

(थ) "सरसफाई सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शव्दले पानीको श्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, ठोस फोहोर व्यवस्थापन, घरायासी तथा संस्थागत शौचालय निर्माण, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(द) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्नका लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य समिति समेतलाई जनाउँछ ।

(ध) "सेवा प्रणाली" भन्नाले खानापनीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाई सेखानेपानी, सरसफाई तथा स्वच्छतासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाई, खानेपानी, सरसफाई तथा स्वच्छतासँग आवद्ध भएका घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(न) “सेवा प्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाई सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाई तथा स्वछता सेवा उपलब्ध गराउने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समिति सम्झनु पर्दछ ।

(प) “सेवा क्षेत्र” भन्नाले उपभोक्ता समिति वा अनुमति पत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाई सेवा सञ्चालन तथा व्यवस्था गर्नका लागि निर्माण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

## परिच्छेद - २

## खानेपानी तथा सरसफाईको अधिकार र श्रोत सम्बन्धी व्यवस्था

३. **खानेपानी तथा सरसफाईमा पहुँचको अधिकारः** (१) यस गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित

कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्धन र परिपूर्ती हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार अन्तर्गत गाउँपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ, -

(क) उपभोक्ता समिति स्थापना गर्ने अधिकार,

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाईमा सहज र सुलभ रुपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्धन, परिपूर्ती र कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिका र सम्बन्धित उपभोक्ता समितिको हुनेछ र यसका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले संघीय सरकार तथा

प्रदेश सरकारसँग समन्वय गरी सहयोग प्राप्त गर्न सक्नेछन् ।

४. **<u>खानेपानीको श्रोतमा अधिकार</u>** : (१) गाउँपालिकामा जलश्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमितामा दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलश्रोतको उपयोग अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलश्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी, सरसफाई तथा स्वच्छतासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकुल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता समितिको सहमति लिनु पर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्धारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) संघीय सरकार वा प्रदेश सरकारले गाउँपालिकामा रहेको खानेपानीका श्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व गाउँपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

**५. पानीको श्रोत तथा मुहानको संरक्षण** : (१) खानेपानीका लागि मुहान तथा श्रोत संरक्षण गर्नु सबै नागरिक, संघ समिति र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको श्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ,-

(क) पानीको श्रोतको संरक्षणको लागि बाढी, नदी कटानको नियन्त्रण गर्ने,

(ख) पानीको श्रोतलाई प्रदूषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र श्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरु अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रुपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, संवर्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्वद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको श्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल

वा वहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहन गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागू गर्ने,

(छ) पानीको श्रोत प्रदूषण हुन नदिन खेतिपातीमा रासायनिक मल प्रयोग गर्दा पानीको श्रोतका ख्याल गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको श्रोत संरक्षणका लागि गाउँपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

स्पष्टीकरण: सम्बन्धित पक्ष भन्नाले लाभान्वित समिति वा समुदाय, उपभोक्ता समिति, अन्य निकायलाई बुझाउनेछ ।

६. **<u>खानेपानी तथा सरसफाईको पहुँच</u>**ः (१) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न वा उपभोग गर्न सकिने खानेपानीको सर्वव्यापी र समानता मूलक पहुँच भएको अवस्थालाई खानेपानीको पहुँच पुगेको अवस्था मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाईका राष्ट्रिय मापदण्डको अधीनमा रही गाउँपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

७. **<u>सुरक्षित खानेपानी युक्त समुदाय घोषणा</u>** : (१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

(ख) दफा ६ बमोजिमको न्यूनतम राष्ट्रिय मापदण्ड पुरा गरेको,

(ग) पाईप प्रणालीको धारबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने इकोली आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको ।

८. **<u>शौचालय निर्माण गर्नुपर्ने</u>** : (१) गाउँपालिका सबै घर परिवार, संघ संस्था, व्यवसायीहरुले अनिवार्य रुपमा शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) गाउँपालिकाका सार्वजनिक स्थलमा शौचालयको निर्मण गर्ने दायित्व स्थानीय समुदाय र गाउँपालिकाकाको हुनेछ ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक स्थलमा शौचालय निर्माण गर्न पूर्व गाउँपालिकाले त्यस्तो संरचनाको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्नु पर्नेछ ।

(४) गाउँपालिकाका सबै विद्यालयमा देहाय बमोजिम शौचालय सुविधाको व्यवस्थापन गर्नु पर्ने छ,-

(क) ५० जना विद्यार्थी बरावर एक शौचालयको उपलब्धता भएको,

(ख) छात्र छात्राका लागि अलग अलग शौचालय हुनुपर्ने,

(ग) शौचालयमा साबुन पानीको व्यवस्था भएको हुनुपर्ने,

(घ) छात्राको शौचालयमा स्यानीटरी प्याड बिसर्जन ट्यांक जडान गरिएको हुनुपर्ने ।

(५) खुला दिसा मुक्त समुदायको दिगोपनाका लागि गाउँपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

## परिच्छेद-३

## संस्थागत संरचना, काम, कर्तव्य र अधिकार

९. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति** : (१) गाउँपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहनेछ,-

(क) गाउँपालिका अध्यक्ष

-अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष

-

सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -
सदस्य

(घ) कार्यपालिका सदस्यहरु मध्यबाट गाउँपालिका
अध्यक्षले तोकेको एक जना महिला सहित २ जना -
सदस्य

(ङ) गाउँसभाका सदस्यहरुबाट गाउँपालिका
अध्यक्षले तोकेको एक जना महिला सहित २ जना -
सदस्य

(च) खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा
क्रियाशिल सदस्य एक जना प्रतिनिधि
- सदस्य

(छ) खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत संघ, संस्था

तथा समितिबाट एक जना महिला सहित २ जना - सदस्य

(ज) गाउँपालिका खानेपानी तथा वन वातावरण हेर्ने

शाखा प्रमुख

-सदस्य

सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका प्रतिनिधिहरु दुई वर्षको कार्यकाल रहने गरी गाउँपालिका अध्यक्षले छनौट गर्नेछ ।

(३) समितिको बैठकमा खानेपानी तथा सरसफाई विषयका विज्ञ र सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **समितिको काम कर्तव्य र अधिकार** : (१) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ:-

(क) खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँ कार्यपालिकालाई सुझाव दिने,

(ख) नीति तथा कानूनको समीक्षा गरी समयानुकुल संशोधनका लागि सुझाव पेश गर्ने,

(ग) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा निर्माणका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजनाको कार्यान्वयनमा योगदान गर्ने,

(ङ) खानेपानी, सरसफाई तथा स्वच्छताको प्रभावकारी योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

११. **<u>वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति</u>** : (१) गाउँपालिकाले वडा स्तरमा देहाय बमोजिमको वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गर्न सक्नेछ :-

(क) वडा अध्यक्ष

-अध्यक्ष

(ख) वडा सदस्यहरु

-

सदस्य

(ग) सम्बन्धित वडाको आधारभूत स्वास्थ्य चौकी/स्वास्थ्य

को प्रमुख

-

सदस्य

(घ) स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा

क्रियाशित एक जना महिला प्रतिनिधि

- सदस्य

(ङ) नागरिक समाज, स्थानीय वुद्धिजिवि एक जना

- सदस्य

(च) वडा सचिव

-सदस्य

सचिव

(२) वडा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको वैठकको कार्यविधि गाउँपालिका स्तरीय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. <u>शाखा वा इकाई रहने</u> :** (१) गाउँपालिकाको संगठन संरचनामा खानेपानी, सरसफाई तथा स्वच्छताको

क्षेत्रमा कार्य गर्नका लागि शाखा वा ईकाइ रहनेछ ।

(२) गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता शाखा वा इकाईको भूमिका तथा जिम्मेवारी तोकिए बमोजिम रहनेछ ।

१३. <u>**खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न सक्ने**</u> : (१) गाउँपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गरी खानेपानी तथा सरसफाई सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरुले खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम गाउँपालिकाले क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएका विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई वा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको श्रोत उपयोगका लागि उपभोक्ता समिति स्थापना भइसकेकोमा सोही खानेपानीको श्रोत उपयोग गर्ने गरी अर्को उपभोक्ता समिति दर्ता गर्न पाइने छैन । तर खानेपानीको श्रोतमा पानी प्रयाप्त भएमा दर्ता भै सकेको वा पहिले देखि नै सञ्चालित खानेपानी योजनालाई असर नगर्ने गरी र सहमति भएमा नयाँ खानेपानी योजनाको लागि सोही श्रोत प्रयोग गर्न बाधा पर्ने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलश्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरु यो ऐन लाग भएपश्चात् यस गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता समिति अद्यावधिक हुनु पर्नेछ । तर यस

प्रयोजनका लागि नयाँ उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

(७) गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१४. **खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्य समिति** : (१) खानेपानी तथा उपभोक्ता समितिको कार्यसमिति कम्तिमा ७ र बढीमा ११ सदस्यीय हुनुपर्नेछ र यो कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता समितिको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ । अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५. <u>खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान</u>** : (१) उपभोक्ता समितिको विधानमा देहाय बमोजिमका विषयहरु समावेश गर्नेपर्नेछ :-

(क) उपभोक्ता समितिको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत,

(ख) उपभोक्ता समितिको उद्देश्य र कार्यहरु,

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता नरहने आदी),

(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरु,

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु,

(च) कार्य समितिको बैठक र कार्यविधि,

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु,

(ज) खानेपानी, सरसफाई तथा स्वच्छताको प्रस्ताव,

(झ) उपभोक्ता समितिको कोष, आर्थिक श्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परिक्षण,

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था,

(ट) विविध (विधान संशोधन, समिति विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदी)

(२) उपभोक्ता समितिको विधानमा रहने अन्य व्यवस्था तोकिएको बमोजिम हुनेछ ।

(३) समितिमा आवद्ध हुने सम्पूर्ण सदस्यहरुले गाउँपालिकामा तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण कर चुक्ता गरेको हुनुपर्नेछ ।

## परिच्छेद-४

## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था

१६. **खानेपानी प्रणालीको वर्गीकरण** : (१) गाउँपालिकामा खानेपानी आपूर्ती प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ :-

(क) सामुदायिक खानेपानी प्रणाली,

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(२) गाउँपालिकाले सम्भव भए सम्म व्यक्तिगत खानेपानी प्राणालीलाई प्रवर्धन गर्नेछ ।

१७. **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ती गर्नु पर्ने** : यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ती गर्नु पर्नेछ ।

१८. **गुणस्तर मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी तथा सरसफाईको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो

क्षेत्रका लागि खानेपानी तथा सरसफाई सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

१९. **खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :** गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि खानेपानी, सरसफाई तथा स्वच्छता शाखा वा इकाईको मातहतमा रहने गरी प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

२०. **खानेपानी गुणस्तर अनुगमन प्रणाली :** गाउँपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

२१. **खानेपानी तथा सरसफाई महसुल निर्धारणः** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धाण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाईमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानापनी तथा सरसफाई सेवाको महसुल खानेपानी तथा सरसफाई सेवा महसुल निर्धारण कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **महसुल तथा शुल्क लिन पाउने** : (१) उपभोक्ताले खानेपानी तथा सरसफाई सेवा उपयोग गरे वापत उपभोक्ता संस्थालाई साधारण सभाले निर्धारण गरे बमोजिमका आधारमा र अनुमतिपत्र प्राप्त संस्थालाई आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ ।

(२)उपभोक्ताले खानेपानी सेवा तथा सरसफाई सेवा उपयोग गरे वापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।

२३. **<u>मिनाहा वा छुट दिन सक्ने</u>**: प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवारले

उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२४. **असुल उपर गर्न सक्ने** : यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाई सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

२५. **खानेपानी सेवाको व्यवस्थापन** : (१) गाउँपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा ओद्योगिक प्रयोजनको लागि पानीको श्रोतको प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ती प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत

सम्भार गरी खानेपनी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तीका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घर परिवारमा मिटर जडान गरी दफा २३ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ ।

(५) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(६) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले गाउँपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा गाउँपालिकाबाट तत्काल प्राविधिक टोली पठाई आवश्यक कार्य गर्नेछ ।

(७) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

२६. **पूर्वाधारको निर्माण वर्गीकरण** : (१) गाउँपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ :-

(क) ठुला आयोजना : ५०० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा वर्गीकरण गरिनेछ,

(ख) मझौला आयोजना : १०० देखि ५०० घर परिवार लाभान्वीत हुने आयोजनामा वर्गिकरण गरिनेछ ।,

(ग) साना आयोजना : १०० भन्दा कम घर परिवार लाभान्वीत भएको आयोजनालाई साना आयोजनामा वर्गिकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि गाउँपालिका आफै र मझौला तथा ठुला आयोजनाको निर्माणका लागि

विस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र विभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जे सुकै लिखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, सरकार, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

२७. **<u>समुदायको योगदान सम्बन्धी व्यवस्था</u>** : (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको १० प्रतशत जनश्रमदान गर्नुपर्नेछ ।

(क) गैर स्थानीय निर्माण सामाग्री मोटर/गाडी नआउने स्थानबाट ढुवानी,

(ख) स्थानीय सामाग्री संकलन तथा ढुवानी,

(ग) पाईपलाइन खनाई तथा पुर्ने कार्य,

(घ) अन्य अदक्ष कामदार सरहको कार्य ।

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वित घर परिवारलाई श्रमको विभाजन गरी श्रमदानका लागि परिचालन गर्नु पर्नेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धवृद्धाहरु, दीर्घरोगीहरु आदी)ले भने श्रमदान गर्न पर्नेछैन ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितलाई बुझाउनु पर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि.आई. पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

२८. **उपभोक्ता समितिको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने** : (१) उपभोक्ता समितिको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाई सेवा शुल्क, गाउँपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

## परिच्छेद-७

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२९. **अनुमतिपत्र लिनुपर्ने** : (१) यस गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न खानेपानीको श्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता

संस्थाहरुद्धारा खानेपानी तथा सरसफाई सेवा प्रदान गर्न अनुमति पत्र लिनुपर्ने छैन ।

(३) यस गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिम कागजातहरु पेश गर्न वा स्पषट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

३०. **अनुमतिपत्र दिनुपर्ने** : (१) दफा २८ बमोजिम परेको निवेदमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई

अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिम शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गरिसके पछी प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । गाउँपालिकाले तोकेको दस्तुर लिई अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपनी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको श्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**३१. <u>नविकरण गर्नुपर्ने</u>:** दफा २९ बमोजिम अनुमति प्राप्त संगठित तथा सञ्चालित खानेपनी समूह/उपभोक्ता

समिति मार्फत सञ्चालन भएका खानेपानी संस्थाहरु गाउँपालिकाले आवश्यक अनुगमन गरी खानेपानी समूह/उपभोक्ता समिति मार्फत वितरित पानी परीक्षण र गुणस्तरको प्रमाण र नवीकरण गर्नुपर्ने अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण, कर चुक्ता प्रमाण र साधारण सभाको निर्णय सहित कागजात पेश भएमा गाउँपालिकाले तोके बमोजिमको दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ ।

३२. **अनुमतिपत्र प्रदान नगरिनेः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्धारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई सेवा प्रदान भईरहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमति पत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो समिति

विघटन भएमा वा अनुमतिपत्र प्राप्त समितिको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा प्रदान गर्न लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्धारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको श्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

३३. **जैविक विविधताको संरक्षण गर्नुपर्ने** : (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाई सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाई सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमति पत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्मण तथा सञ्चालन र व्यवस्थापन नगरेमा गाउँपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निरेदेशन तथा आदेशको पालना नगरेमा गाउँपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्ने अघि गाउँपालिकाले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद-८

## विविध

३४. **कसुर र सजायः** खानेपानी तथा सरसफाई सम्बन्धी कसुरको निर्धारण र दण्ड सजाय सम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाई सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

३५. **धारा जडान सम्बन्धी व्यवस्थाः** खानेपानी संस्थान तथा उपभोक्ता समितिबाट वितरण हुने खानेपानीको धारा जडान गर्दा गाउँपालिकाबाट अनुमति लिएर मात्र धारा जडानको कार्य अगाडी बढाउनु पर्ने छ ।

३६. **सूचना अभिलेख प्रणाली :** (१) गाउँपालिका क्षेत्रको खानेपानी तथा सरसफाई सम्बन्धी तथ्यांक

अध्यावधिकका लागि सूचना प्रविधिको प्रयोग गर्नु पर्नेछ ।

(२) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्याङ्क अध्यावधिकका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्नु पर्नेछ ।

३७. **योजना निर्माण** : गाउँपालिकाले उपभोक्ता समित र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपभुक्त हुने किसिमको खानेपानी तथा सरसफाई योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

३८. **विवरण उपलब्ध गराउने** : (१) गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउने छ ।

(क) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वित जनसंख्या,

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित समितिको संख्या र

सो बाट लाभान्वित जनसंख्या,

(ग) संघीय सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा खानेपानीको श्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाई प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाई सम्बन्धी विद्युतीय एकिकृत नक्सामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

३९. **पुरस्कार सम्बन्धी व्यवस्था** : खानेपानी तथा सरसफाई व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ समिति वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्नर् सक्नेछ ।

४०. **निर्देशन दिन सक्ने**ः गाउँपालिकाले उपभोक्ता समिति वा अन्य सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका

सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४१. **<u>अधिकार प्रत्यायोजन</u>**ः गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

४२. **<u>खानेपानी आयोजना र संरचनाको हस्तान्तरण</u>** ः (१) गाउँपालिकामा संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाई आयोजना र सो सम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाई आयोजना र सो को संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाई उपभोक्ता

समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नर् सकिने छ ।

४३. **नियम बनाउन सक्ने** : यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

४४. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने** : यस ऐन र ऐन बमोजिम बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

४५. **खारेजी र बचाउ**: यो ऐन जारी हुनु भन्दा अगाढी गाउँ सभा/कार्यपालिकाबाट निर्य भई खानेपानी र सरसफाई सम्बन्धमा भए गरेका कामकारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले
नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत